# प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

# प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६

<u>प्रदेश राजपत्रमा प्रकाशन मिति</u>

२०७६।०६।१५

<u>संशोधन</u>

| | |
|---|---|
| १. प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७६ | २०७६।०८।२३ |
| २. प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७७ | २०७७।०६।१५ |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम "प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चालन हुने

कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्नका लागि कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने स्थानीय व्यक्तिहरू मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार निर्माण आयोजनालाई समेत जनाउँछ।

(ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय वा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले नियम ५ बमोजिम गठित कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "प्रदेश सभा सदस्य" भन्नाले ◈बागमती प्रदेशका प्रदेश सभा सदस्य सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका विषयगत मन्त्रालयलाई सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(छ) "विषयगत कार्यालय" भन्नाले प्रदेश सरकारका विभिन्न मन्त्रालय वा अन्तर्गत निश्चित कार्यक्षेत्र भएका कार्यालय तथा सम्बन्धित डिभिजन कार्यालय लगायतका

◈ दोस्रो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

निकाय सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **कार्यक्रम परामर्श समितिः** (१) यस नियमावली बमोजिम सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन र व्यवस्थापनको कार्यलाई समन्वय तथा सहजीकरण गर्न नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिम प्रत्येक प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रमा देहाय बमोजिमको एक कार्यक्रम परामर्श समिति रहनेछः-

(क) प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) समानुपातिक प्रदेश सभा सदस्य -सदस्य

(ग) जिल्ला समन्वय समितिका प्रमुख र उप-प्रमुख -सदस्य

(घ) प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्रभित्रका स्थानीय तहका प्रमुख उपप्रमुखहरू -सदस्य

(२) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाको सदस्य आफूले चाहेको प्रदेशभित्रको कुनै एक निर्वाचन क्षेत्रको उपनियम (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ।

(३) उपनियम (२) बमोजिमका प्रदेश सभाका सदस्यले आफू सदस्य हुन चाहेको निर्वाचन क्षेत्र खुलाई असोज १५ गते भित्र

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा लिखित रूपमा जानकारी दिनु पर्नेछ।

[Y]--------

(४) उपनियम (१) को खण्ड (क) बमोजिमको निर्वाचित प्रदेश सभाको सदस्य निलम्बन भएको वा कुनै कारणले त्यस्तो पद रिक्त भएको अवस्थामा खण्ड (ख) बमोजिमको ज्येष्ठ सदस्यले संयोजकको रूपमा कामकाज गर्नेछ।

(५) जिल्ला समन्वय अधिकारीले उपनियम (१) बमोजिमको समितिको सचिव भई काम गर्नेछ।

४. **<u>कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस नियमावली बमोजिम निर्वाचन क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको समन्वय र सहजीकरण गर्ने,

(ख) आफ्नो निर्वाचन क्षेत्र भित्र यस नियमावली बमोजिम लागत साझेदारी हुन सक्ने आयोजनाहरूको विवरण सङ्कलन गरी समितिलाई उपलब्ध गराउने,

(ग) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन समितिलाई आवश्यक सल्लाह तथा सहयोग उपलब्ध गराउने।

---

[Y] दोस्रो संशोधनद्वारा झिकिएको।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) कार्यक्रम परामर्श समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ।

(३) कार्यक्रम परामर्श समितिको बैठक सम्बन्धी कार्यविधि सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ।

५. **कार्यक्रम निर्देशक समितिः** (१) यस नियमावली बमोजिम कार्यक्रमको छनौट, कार्यान्वयन र अनुगमन गर्न नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिमको प्रत्येक निर्वाचन क्षेत्रमा नियम ३ बमोजिमको कार्यक्रम परामर्श समितिको संयोजकको संयोजकत्वमा सो नियमको उपनियम (१) को खण्ड (ख) र निर्वाचन क्षेत्र भित्रका स्थानीय तहका प्रमुख सदस्य रहेको एक कार्यक्रम निर्देशक समिति रहनेछ।

(२) जिल्ला समन्वय अधिकारीले समितिको सचिव भई काम गर्नेछ।

६. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (२) बमोजिमको निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास साझेदारी कार्यक्रम सङ्कलन र विश्लेषण गर्ने,

(ख) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना छनौटको मापदण्ड तयार गर्ने,

(ग) नियम ९ बमोजिम छनौट भएका आयोजनाको स्वीकृति दिने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(घ) निर्देशक समितिबाट स्वीकृत भएका आयोजना कार्यान्वयनको लागि मन्त्रालय र सम्बन्धित स्थानीय तहमा लेखी पठाउने,

(ङ) कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरूको अनुगमन गर्ने।

७. **निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) निर्देशक समितिको बैठक देहाय बमोजिम कम्तीमा वर्षको तीन पटक बस्नेछः-

(क) गत आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको समीक्षा तथा चालू आर्थिक वर्षको आयोजना छनौट सम्बन्धी छलफल गर्न — भाद्र १५ गतेभित्र,

(ख) चालू आर्थिक वर्षमा कार्यान्वयनमा रहेका कार्यक्रमको समीक्षा तथा आयोजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन गर्न — माघ १५ गतेभित्र,

(ग) चालू आर्थिक वर्षमा कार्यान्वयनमा रहेका कार्यक्रमको अनुगमन गर्न तथा आगामी आर्थिक वर्षको लागि स्थानीय तहको वार्षिक योजनामा कार्यक्रम समावेश गर्न — असार मसान्तभित्र।

[Y]------

(२) जिल्लाका एक भन्दा बढी निर्वाचन क्षेत्रका साझा आयोजना छनौट गरी कार्यान्वयन गर्नु पर्ने भएमा त्यस्तो जिल्ला भित्रका निर्देशक समितिहरुको संयुक्त बैठक बस्न सक्नेछ। त्यस्तो

---

[Y] दोस्रो संशोधनद्वारा झिकिएको।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

संयुक्त बैठकको निर्णय बमोजिम आयोजना छनौट गरी कार्यान्वयन गर्न सकिनेछ।

(३) उपनियम (२) बमोजिम आयोजना छनौट भएका आयोजना कार्यान्वयन गर्न लाग्ने लागत कस्ले कति व्यहोर्ने हो सो समेत खुलाउनु पर्नेछ।

(४) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति र समयमा सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा बस्नेछ। बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा ७ दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(५) निर्देशक समितिको बैठकमा संयोजक बाहेकका अन्य कुनै सदस्यको अनुपस्थितका कारणले मात्र समितिको काम कारवाहीमा वाधा पुग्ने छैन।

(६) निर्देशक समितिको निर्णय सदस्यहरुको परामर्शमा सर्वसम्मतिबाट हुनेछ।

तर पटक पटकको बैठकबाट समेत सर्वसम्मतिबाट निर्णय हुन नसकेमा आयोजनाको आधार र महत्व समेत खुलाई संयोजकले गरेको निर्णय नै समितिको निर्णय हुनेछ ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>आयोजनाको किसिम र प्राथमिकता</u>**: (१) यस नियमावली बमोजिम देहायका सार्वजनिक उपयोगसँग सम्बन्धित भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछः-



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(क) नदी गल्छी तथा पहिरो नियन्त्रण, सिँचाई, पोखरी संरक्षण एवम् जलाधार संरक्षण सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठे पुल निर्माण) एवम् सडक सौन्दर्यीकरण सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाइ, फोहोर मैला व्यवस्थापन तथा ल्याण्डफिल साईट एवम् सार्वजनिक शौचालय निर्माण आयोजना,

(घ) ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्य, कला एवं पुरातात्त्विक र पर्यटकीय स्थलको संरक्षण, जिर्णोद्धार, [①]सम्पदा संरक्षण तथा निर्माण आयोजना

(ङ) नवीकरणीय ऊर्जा, लघु जलविद्युत तथा विद्युतीकरण, जैविक ऊर्जा सम्बन्धी आयोजना,

(च) स्वास्थ्य चौकी, प्रसूति भवन, बाल विकास केन्द्र, विपन्न एवं भूमिहीन नागरिकहरूको लागि आवास भवन, वृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(छ) कृषि उत्पादकत्व वृद्धि गर्न सघाउ पुऱ्याउने, कृषि उपज सङ्कलन केन्द्र निर्माण तथा कृषि तथा पशुपंक्षी हाटबजार व्यवस्थापन सम्बन्धी आयोजना,

(ज) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

[①] दोस्रो संशोधनद्वारा थपिएको।

(झ) सार्वजनिक उद्यान, पद मार्ग तथा सभागृह निर्माण सम्बन्धी आयोजना,

✠(झ१.) <u>अपाङ्गता भएका व्यक्तिको हित प्रवर्द्धन हुने आयोजना,</u>

(ञ) खेलकुद पूर्वाधार विकास सम्बन्धी आयोजना,

(ट) विगतमा सञ्चालनमा आएका कार्यक्रम मध्ये एक वर्ष भित्र सम्पन्न हुने किसिमका आयोजना,

(ठ) संघ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्न लागेको वा गरिरहेको आयोजनामा समेत सहभागिता हुन सक्ने आयोजना।

(२) कार्यक्रम अन्तर्गत राजनीतिक दल सम्बद्ध संघ, संगठनको पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न, जग्गा खरिद वा मुआब्जा वितरण गर्न, सामाग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास भन्दा अन्य प्रकृतिका आयोजना छनौट गर्न पाइने छैन।

तर सामुदायिक विद्युतीकरणसँग सम्बन्धित सहकारी संस्था मार्फत सम्बन्धित क्षेत्रको विद्युतीकरण गर्ने आयोजना कार्यान्वयन गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन।

(३) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहायका आयोजनालाई प्राथमिकता दिनु पर्नेछः-

---

✠ पहिलो संशोधनद्वारा थपिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(क) स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

(ख) श्रममा आधारित रोजगारी सृजना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने, उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपद्बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

(ङ) एकै आर्थिक वर्षमा सम्पन्न हुन सक्ने प्रकृतिका पूर्वाधार सम्बन्धी आयोजना,

(च) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका दुई वा सो भन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने आयोजना छनौट गर्नका लागि स्थानीय तहले अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना,

(छ) नगरपालिका वा गाउँपालिकाले सिफारिश गरेका र कार्यक्रम सञ्चालन हुने बर्ष प्रदेशको अन्य बजेट तथा कार्यक्रममा नपरेका आयोजनाहरु,

(ज) आयोजना छनौट गर्दा स्थानीय तह, विषयगत कार्यालय तथा समुदायद्वारा सञ्चालित अधुरो रहेका सार्वजनिक प्रकृतिका पूर्वाधार सम्बन्धी

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

आयोजनाहरूलाई सम्पन्न गर्ने कार्यलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा संयोजकले आवश्यक ठानेका देहाय बमोजिमका आयोजना समेत छनौट गर्न सकिनेछः-

(क) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भएको तर बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजना,

(ख) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भई बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्नु पर्ने आयोजना,

[Ⓘ] (ख१) प्रदेश सभा सदस्यको विगतका वर्षमा मागमा आधारित र यस नियमावली बमोजिमका कार्यक्रम अधुरा भए प्राथमिकता दिई सम्पन्न गर्नु पर्ने आयोजना,

(ग) प्रकोप वा विपद्‌बाट क्षति भएका वा जोखिममा परेका र सो को पुनर्निर्माण, नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्था नभएका तथा बजेट व्यवस्था भए तापनि पर्याप्त नभएका आयोजना,

(घ) समितिले उपयुक्त देखेका पूर्वाधार विकास सम्बन्धी अन्य आयोजना।

---

[Ⓘ] दोस्रो संशोधनद्वारा थपिएको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

९. **आयोजना छनौटः** (१) निर्देशक समितिले नियम ८ मा उल्लिखित आयोजना मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजनाहरू ◈असोज मसान्तभित्र छनौट गरिसक्नु पर्नेछ।

(२) जिल्ला समन्वय समितिको कार्यालयले अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका सहित उपनियम (१) बमोजिम छनौट भएका आयोजनाको विवरण आयोजना कार्यान्वयन हुने ⌘मन्त्रालय र स्थानीय तहमा प्रत्येक वर्षको ◈कार्तिक मसान्त गतेभित्र पठाई सक्नु पर्नेछ।

(३) जिल्ला समन्वय समितिको कार्यालयले उपनियम (१) बमोजिम छनौट भएका आयोजनाको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी आयोजना छनौट भएको १५ दिन भित्र मन्त्रालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको अवधि भित्र छनौट *नभएका आयोजनामा यस नियम बमोजिमको रकम प्राप्त हुने छैन।

*◈(५) यस नियमावली बमोजिम आयोजना छनोट गर्दा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

◈ दोस्रो संशोधनद्वारा संशोधित।

⌘ पहिलो संशोधनद्वारा थपिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकमबाट एक आयोजना न्यूनतम दश लाख रूपैयाँ लागतमा नघट्ने गरी बढीमा बीस आयोजनाहरू छनौट गर्न सकिने छ।

(६) उपनियम (१) बमोजिम छनौट भएका कुनै आयोजनाको सम्झौता ◈पुष महिना भित्र हुन नसकेमा संयोजकले सो आयोजना परिवर्तन गरी ◈माघ पन्ध्र गतेभित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ।

(७) उपनियम (६) बमोजिम आयोजना परिवर्तन भएको जानकारी मन्त्रालय, सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय तथा सम्बन्धित स्थानीय तहमा समेत दिनु पर्नेछ।

(८) मन्त्रालयले सम्बन्धित स्थानीय तहमा स्वीकृत भएको कार्यक्रम बमोजिमको रकम हस्तान्तरण गर्ने व्यवस्था मिलाउनेछ।

(९) निर्देशक समितिले यस नियमावली बमोजिम एक भन्दा बढी स्थानीय तह वा निर्वाचन क्षेत्रमा पर्ने आयोजना कार्यान्वयन कुनै एउटा स्थानीय तहबाट हुने गरी वा कामको परिमाणको आधारमा सम्बन्धित स्थानीय तहहरूमा विभाजन गरी तोक्न सक्नेछ।

(१०) यस नियमावली बमोजिम मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आयोजना छनौटको विवरण उपलब्ध गराउने जिम्मेवारी जिल्ला समन्वय अधिकारीको हुनेछ।

(११) निर्देशक समितिको संयोजक निलम्बनमा रहेको वा अन्य कुनै कारणले संयोजकको पद रिक्त रहेकोमा त्यस्तो निलम्बन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

---

◈ दोस्रो संशोधनद्वारा संशोधित।

फुकुवा भएको वा संयोजक हुने सदस्यले शपथ ग्रहण गरेको मितिले एक महिना भित्र यस नियमावली बमोजिम आयोजना छनौट गर्न सक्नेछ।

※(१२) यस नियमावली बमोजिम आयोजना छनौट गर्दा निर्वाचन आचार संहिताको कारणले ढीला भएमा सम्बन्धित निर्वाचन क्षेत्रमा आचार संहिता सकिएको मितिले प्रन्ध्र दिन भित्र र उप-निर्वाचन भएको क्षेत्रमा आयोजना छनौट गर्दा उप-निर्वाचन सम्पन्न भई प्रदेश सभा सदस्यले कार्यभार समाल्नु अघि पद तथा गोपनीयताको सपथ पश्चात एक महिनाभित्र आयोजना छनौट गरी सक्नु पर्नेछ।

१०. **कार्यक्रम साझेदारी गर्न सकिने**: (१) यस कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनामा सम्बन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तीय साझेदारी गर्न सक्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजनामा ①जनसहभागिताको निश्चित अंश समावेश गरी सम्बन्धित स्थानीय तहको नियम बमोजिम उपभोक्ता समितिबाट लागत साझेदारी गर्नु पर्नेछ।

(३) यस कार्यक्रम अन्तर्गत छनौट भएका आयोजनामा सम्बन्धित स्थानीय तहको कार्यक्रमबाट साझेदारी गर्न सकिनेछ।

(४) कार्यालयले उपनियम (१), (२) र (३) बमोजिमको रकम समेत समावेश गरी आयोजनाको कुल लागत अनुमान तयार गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

---

※ पहिलो संशोधनद्वारा थपिएको।

① दोस्रो संशोधनद्वारा थपिएको।

(५) निर्देशक समितिले लागत साझेदारी बढी हुने आयोजना छनौट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ।

११. **<u>कार्यक्रम सञ्चालन तथा कार्यान्वयनः</u>** (१) निर्देशक समितिले यस नियमावली बमोजिम छनौट भएका कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकामा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) यस नियमावली बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्दा पचास लाख रुपैयाँ ϒ---भन्दा बढी लागत अनुमान भएका आयोजना बोलपत्रको माध्यमबाट ठेक्का व्यवस्था गरी गर्नु पर्नेछ।

(४) यस नियमावली बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्दा पचास लाख रुपैयाँ ◈<u>सम्म</u> लागत अनुमान भएको आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिनेछ।

(५) यस नियमावली बमोजिम निर्माण हुने पूर्वाधार निर्माण गर्दा महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सक्ने गरी गर्नु पर्नेछ।

(६) यस नियमावली बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरू उपभोक्ता समितिले ठेक्का वा अन्य कुनै

---

ϒ दोस्रो संशोधनद्वारा झिकिएको।

◈ दोस्रो संशोधनद्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तरिकाबाट अन्य व्यक्ति वा संस्था मार्फत काम गराएको पाइएमा समितिले त्यस्तो आयोजना रद्द गरी यस नियमावली अनुसार छनौट भएका अर्को आयोजनालाई रकम उपलब्ध गराउन सक्नेछ।

(७) यस नियमावली बमोजिमका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यालयको सूचनापाटी तथा वेवसाइटमा समेत राख्नु पर्नेछ।

१२. **<u>आयोजना कार्यान्वयनको जिम्मेवारीः</u>** (१) नियम ११ बमोजिम कार्यान्वयनको लागि प्राप्त भएका आयोजनाहरू तोकिएको गुणस्तर र समयमा कार्यान्वयन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ।

(२) कार्यक्रमको कार्यान्वयनमा अनावश्यक विलम्ब गर्ने वा बाधा व्यवधान गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई प्रचलित कानून बमोजिम विभागीय सजाय हुनेछ।

(३) प्रमुख प्रशासकीय अधिकृतले आयोजना कार्यान्वयनको वित्तीय तथा भौतिक प्रगतिको जानकारी नियमित रूपमा समिति तथा संयोजकलाई दिनु पर्नेछ।

१३. **<u>रकम निकासा सम्बन्धी व्यवस्थाः</u>** (१) मन्त्रालयले ◈<u>प्रदेश मन्त्रिपरिषद्को निर्णयानुसार</u> कार्यक्रम कार्यान्वयन गर्ने गरी अनुसूची-२ बमोजिम हुन आउने रकम सम्बन्धित प्रदेश लेखा

---

◈ दोस्रो संशोधनद्वारा संशोधित।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

नियन्त्रक कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा रकम निकासाको व्यवस्था मिलाउनेछ।

(२) निर्देशक समितिले नियम ९ बमोजिम आयोजना छनौट गरी पेश गरी सकेपछि प्रदेश सभा सदस्यको कार्यकाल समाप्त भएतापनि कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन।

(३) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा कुनै आयोजनाको रकम कुनै कारणले बचत हुन गएमा संयोजकले सोही आयोजनामा थप काम गर्न वा नियम ९ बमोजिम छनौट भएका सम्बन्धित स्थानीय तहको अर्को कुनै आयोजनाको लागि त्यस्तो रकम उपलब्ध गराउन सक्नेछ।

१४. **<u>आयोजनाको अनुगमनः</u>** (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाको अनुगमन गर्ने जिम्मेवारी संयोजकको हुनेछ।

(२) संयोजकले नियम १७ को उपनियम (२) बमोजिम तोकेको प्रतिनिधिले आयोजनाको अनुगमन गरी सम्बन्धित स्थानीय तह, समिति र संयोजकलाई नियमित रूपमा प्रतिवेदन दिनु पर्नेछ।

(३) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि विशेष अनुगमन टोली गठन गर्न सक्नेछ।

(४) उपनियम (१), (२) र (३) बमोजिम अनुगमन गरी दिइएको सुझाव कार्यान्वयन गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा स्थानीय तहको कर्तव्य हुनेछ।

(५) निर्देशक समितिले कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी



आन्तरिक मामिला तथा कानून मन्त्रालय गण्डकी प्रदेश

बनाउन नियमित अनुगमन र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

१५. **सार्वजनिक परीक्षणः** यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमहरू प्रभावकारी बनाउन स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परीक्षणका विधि अवलम्बन गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

१६. **आयोजनाको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः** (१) उपभोक्ता समिति मार्फत सञ्चालन भएको आयोजनाको हकमा भएको खर्चको बिल भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समितिले र ठेक्काबाट सञ्चालन भएका आयोजनाको हकमा सम्बन्धित निर्माण व्यवसायीले सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण प्राप्त भएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले जाँच पासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम खटिएका प्राविधिक कर्मचारीले सम्झौता अनुसार काम भए, नभएको स्पष्ट रूपमा खुलाई प्रतिवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनबाट खर्च अनुसारको काम भएको भन्ने देखिन आएमा कार्यालयले त्यस्तो कामको जाँच पास गरिदिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम कार्यालयबाट जाँच पास भई सकेपछि प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको विवरण चौमासिक रूपमा सार्वजनिक गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, वाग्मती प्रदेश

१७. **<u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, प्रतिवेदन गर्न तथा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रशासनिक खर्चको रूपमा प्रदेश लेखा नियन्त्रक कार्यालयले अनुसूची-३ बमोजिम हुन आउने रकम दुई किस्तामा सोझै जिल्ला समन्वय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) कार्यक्रम सञ्चालन हुने स्थानीय तहमा समन्वय गरी कार्यक्रमलाई प्रभावकारी बनाउन संयोजकले एक जना प्रतिनिधि तोक्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम प्रतिनिधि तोकिएमा त्यस्तो प्रतिनिधिको यातायात खर्च र विविध खर्च समेतको लागि उपनियम (१) बमोजिमको रकम मध्येबाट बढीमा पचास हजार रुपैयाँसम्म खर्च गर्न सकिनेछ। त्यस्तो खर्च कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध गराएको रकमबाट व्यहोरिनेछ।

(४) उपनियम (३) बमोजिम हुन आउने रकम सम्बन्धित निर्वाचन क्षेत्रको लागि तोकिएको प्रतिनिधिले पेश गरेको बिल भर्पाईको आधारमा जिल्ला समन्वय समितिले दुई किस्तामा भुक्तानी दिनेछ।

(५) उपनियम (२) बमोजिम तोकिएको प्रतिनिधिले यस नियमावली बमोजिमका आयोजनाको कार्यान्वयनको अवस्था खुलाई जिल्ला समन्वय समिति, कार्यालय र संयोजकलाई नियमित रूपमा प्रतिवेदन दिनु पर्नेछ।स्थानीय तहले आयोजनाको अन्तिम भुक्तानी दिंदा सो प्रतिवेदन समेतलाई आधार मान्न सक्नेछ।

१८. **<u>लेखा र लेखा परीक्षणः</u>** (१) कार्यक्रम कार्यान्वयनको लागि प्राप्त रकम तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी सम्बन्धित स्थानीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

तहको हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धित स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ।

१९. **कार्यक्रम प्रतिवेदन तथा प्रगति समीक्षाः** (१) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले सञ्चालित कार्यक्रमको प्रगती प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालय तथा मन्त्रालयमा प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले सात दिनभित्र पठाउनु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित स्थानीय तहको नियमित समीक्षा बैठकमा उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको प्रतिवेदनको आधारमा जिल्ला समन्वय समितिले चौमासिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

२०. **मन्त्रालयले निर्देशन दिन सक्नेः** मन्त्रालयले यस नियमावली बमोजिमका आयोजनाको कार्यान्वयनलाई थप पारदर्शी, जबाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

२१. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

२२. **कार्यविधि बनाउन सक्नेः** यस नियमावलीमा उल्लिखित व्यवस्थाहरूको

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ।

२३. **आवश्यक व्यवस्था गर्ने:** यो नियमावली कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

# *अनुसूची-१

(नियम ९ को उपनियम (२) सँग सम्बन्धित)

## प्रदेश पूर्वाधार विकास कार्यक्रम

## <u>कार्यक्रम कार्यान्वयन तालिका</u>

(जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने विवरण)

जिल्ला ........................   प्रदेश निर्वाचन क्षेत्र नं. ..........

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने गा.पा./न.पा./वडा नं./टोल | लक्ष्यको एकाइ | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | लागत सहभागिताबाट व्यहोरिने रकम रु. . | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | स्थानीय तहबाट | गै.स.स. वा अन्य | जनसहभागिता | जम्मा | | |
| | | | | | | | | | | | | | |

---

* पहिलो संशोधनद्वारा संशोधित।

अनुसूची-२

(नियम ९ को उपनियम (३) सँग सम्बन्धित)

**जिल्ला समन्वय समितिको कार्यालयले मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्ने विवरण**

आर्थिक वर्षः २०७..../०७...

जिल्लाः ... ... ... ...निर्वाचन क्षेत्र नं.ः ... ... ... प्रदेशः ... ... ... ...

| क.सं. | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | आयोजनाको सङ्ख्या | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ............................... पालिका | | | |
| २ | ............................... पालिका | | | |
| ३ | ............................... पालिका | | | |
| ४ | ............................... पालिका | | | |
| ५ | ............................... | | | |
| ६ | ............................... | | | |
| ७ | अनुसूची-३ बमोजिम जिल्ला समन्वय समितिको प्रशासनिक खर्चको रकम | | | |
| | निर्वाचन क्षेत्रको जम्मा | | | |

**नोटः** कुनै आयोजना एक भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने भएमा त्यस्तो आयोजना कार्यान्वयनको लागि समितिले कुनै एउटा स्थानीय तहमा पठाउन वा कामको परिमाण अनुसार सम्बन्धित स्थानीय तहमा रकम बाँडफाँट गर्न सक्नेछ।

अनुसूची-३

(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

**<u>जिल्ला समन्वय समितिको लागि प्रशासनिक खर्चको रकम</u>**

| क्र. सं. | विवरण (जिल्लामा कायम रहेका प्रदेश संसदको निर्वाचन क्षेत्र) | प्रशासनिक खर्च (सम्बन्धित निर्वाचन क्षेत्रको लागि विनियोजन भएको रकमको आधारमा) |
|---|---|---|
| १ | दुई वटा निर्वाचन क्षेत्र भएको जिल्ला | १.२५% (एक दशमलव दुई पाँच प्रतिशत) |
| २ | चार वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.९०% (शून्य दशमलव नौ प्रतिशत) |
| ३ | छ वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.७०% (शून्य दशमलव सात प्रतिशत) |
| ४ | आठ वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.६०% (शून्य दशमलव छ प्रतिशत) |
| ५ | दश वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.५५% (शून्य दशमलव पाँच पाँच प्रतिशत) |
| ६ | बाह्र वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.५०% (शून्य दशमलव पाँच प्रतिशत) |
| ७ | बीस वटासम्म निर्वाचन क्षेत्र भएको जिल्ला | ०.४०% (शून्य दशमलव चार प्रतिशत) |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश